# आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

**मितिः २६ जून २०२४**

**समयः १८:५० – १६:०० बजे**

<u>प्रमुख समाचार</u>

१. गृह मंत्री अमित शाहले एन.डी.आर.एफ. का जवानहरुका लागि सुदूर्वती अनि दुर्गम क्षेत्र भत्तालाई सरकारले स्वीकृति दिएको घोषणा गर्नुभएको छ।
२. कश्मीर घाटीको माथिल्लो हिमालयमा स्थित पवित्र गुफा मंदिर श्री अमरनाथ जी को वार्षिक तीर्थयात्रा आज बिहानदेखि औपचारिक रूपले शुरू भएको छ।
३. प्रधानमंत्री नरेंद्र मोदीले भोलि बिहान 11 बजे आकाशवाणी देखि श्मन की बातश कार्यक्रममा देश-विदेशका मानिसहरुसित आफ्नो विचार साझा गर्नुहुनेछ।
४. राज्यको मुख्यमंत्री ममता ब्यानर्जीले न्यायपालिकाको न्याय व्यवस्था राजनैतिक पक्षपात मुक्त हुनपर्ने बताउनुभएको छ।
५. राज्यको राजधानी कोलकाता लगायत अन्य भागहरुमा विगत केही दिन देखि लगातार परिरहेको पानीको कारण आजदेखि तापमानमा कमी आउन शुरु भएको छ।

**<u>गृह मंत्री-एन.डी.आर.एफ.</u>**

गृह मंत्री अमित शाहले भन्नुभएको छ कि देशले आपदा प्रबंधनमा श्रेष्ठ कार्य प्रणालीहरुलाई अपनाइरहेको छ। उहाँले भन्नुभयो कि राष्ट्रीय आपदा मोचन बल- **एन.डी.आर.एफ.** ले सदैव कुनै प्रकारको आपदामा कसैको हताहत न हुने उद्देश्य राख्न पर्नेछ। पर्वतारोहण अभियान विजयको ध्वजारोहण समारोहमा श्री शाहले भन्नुभयो कि भारतमा मात्र नभएर विश्वमा जहां पनि आपदा आउँदछए देश अनि विश्वका मानिसहरुले एन.डी.आर.एफ. तर्फ हेरिरहेको हुन्छ। उहाँले भन्नुभयो कि जतिनै प्रतिकूल स्थिति भए तापनि एन.डी.आर.एफ. का जवानले मानिसहरुको आशा अनि जोश धेरै गुणा बढ़ाइदिंदछ। एन.डी.आर.एफ. को आधुनिकीकरण गर्नमा केन्द्र सरकारले सबै प्रयास गरिरहेको पनि गृह मंत्रीले बताउनुभयो। यस अवसरमा श्री शाहले सरकारले एन.डी.आर.एफ. का जवानहरुका लागि सुदूर्वती अनि दुर्गम क्षेत्र भत्तालाई स्वीकृति दिएको घोषणा पनि गर्नुभयो। यस अवसरमा केन्द्रीय गृह सचिव अजय कुमार भल्ला अनि एन.डी.आर.एफ. का महानिदेशक पीयूष आनन्द पनि उपस्थित थिए।

****** ० ******

**<u>अमरनाथ-दोस्रो जत्था</u>**

कश्मीर घाटीको उपरी हिमालयमा स्थित पवित्र गुफा मंदिर श्री अमरनाथ जीको वार्षिक तीर्थयात्रा आज बिहानदेखि औपचारिक रूपले शुरू भएको छ। ५२ दिवसीय यो यात्रा यस वर्ष १६ अगस्त को श्रावण पूर्णिमा को शुभ अवसरमा समाप्त हुनेछ। यसैबीच चार हजार 29 तीर्थयात्रीका दोस्रो जत्था कड़ा सुरक्षा बीच 200 वाहनहरुको काफिलाको साथ अमरनाथ तीर्थयात्राको लागि जम्मूको भगवती नगर आधार शिविरदेखि कश्मीर घाटीको लागि यात्रा शुरु गरिसकेका छन्। जम्मू बेस कैंप बाट हाल सम्म आठ हजार छह सय 32 तीर्थयात्रीले अमरनाथ यात्रा शुरु गरिसकेका छन्।

****** ० ******

**<u>सरकार-ईपीएस</u>**

सरकारले कर्मचारी पेंशन योजनामा संशोधन गरेको छए यस संशोधनद्वारा छह महीना भन्दा कम्ती अंशदायी सेवा भएका ईपीएस सदस्यहरुलाई पनि निकासी लाभ प्राप्त हुनेछ। यसद्वारा प्रत्येक वर्ष सात लाख भन्दा अधिक सदस्य लाभन्वित हुनेछन्। निकासी लाभको राशि सदस्य द्वारा प्रदान गरिएको सेवाको पूर्ण महीनाहरुको संख्या अनि ईपीएस योगदान प्राप्त भएको वेतन माथि निर्भर गर्नेछ। श्रम मंत्रालय अनुसार यस उपायद्वारा सदस्यहरुका लागि निकासी लाभको भुगतानलाई तर्कसंगत बनाइएको छ।

****** ० ******

**पीएम-मन की बात**

प्रधानमंत्री नरेंद्र मोदीले भोलि बिहान 11 बजे आकाशवाणी देखि श्मन की बातश कार्यक्रममा देश-विदेशका मानिसहरुसित आफ्नो विचार साझा गर्नुहुनेछ। यो मासिक रेडियो कार्यक्रमको १ सय ११ औ प्रकरण हुनेछ। श्री मोदीले लगातार तेस्रो पटक प्रधानमंत्री पद संभालनुभए पछि श्मन की बातश को यो पहिलो प्रकरण हुनेछ। यो कार्यक्रम आकाशवाणी अनि दूरदर्शनको सम्पूर्ण नेटवर्कएृ आकाशवाणी समाचार वेबसाइट अनि दमूेवदंपत मोबाइल ऐप मा प्रसारित गरिनेछ। यसलाई आकाशवाणी समाचारएृ डीडी न्यूजएृ पीएमओ अनि सूचना एवं प्रसारण मंत्रालयको यूट्यूब चैनलहरुमा पनि लाइव प्रसारित गरिनेछ। हिंदी प्रसारणको तुरुन्तै पछि क्षेत्रीय भाषाहरुमा पनि कार्यक्रमको प्रसारण गरिनेछ।

****** ० ******

**माध्यमिक- परीक्षा**

पश्चिम बंगालमा आगामी वर्ष २०२५. को माध्यमिक बोर्ड परीक्षा १० फरवरीदेखि शुरू हुनेछ। राज्य माध्यमिक शक्षा बोर्डद्वारा आज यसबारे जानकारी गराइएको छ। बोर्डले बताए अनुसार पश्चिम बंगाल माध्यमिक शिक्षा बोर्डद्वारा आयोजना गरिने परीक्षा १० फरवरीदेखि शुरू भएर २२ फरवरीमा समाप्त हुनेछ।
बोर्डका अध्यक्ष रामानुज गांगुलीले भन्नुभयो, परीक्षा बिहान १०बजेर ४५ मिनेट देखि शुरू हुनेछ। यस वर्ष २०२४.को परीक्षाको परिणाम घोषणा भएपछि धैरैजना विद्यार्थीहरूले आफ्नो रिजल्टको समीक्षाको लागि आवेदन गरेका छन्। यस सम्बन्धमा उहाले भन्नुभयोएृ उत्तर पुस्तिकाहरूको समीक्षा गरिएपछि यस वर्ष २०२४.को माध्यमिक परीक्षामा समेल हुने १२ हजार ४६८ विद्यार्थीहरूको अंक बढ़ेको छ।

****** ० ******

**मुख्यमंत्री-न्यायपालिका**

पश्चिम बंगालका मुख्यमंत्री ममता बनर्जीले - न्यायपालिकाको न्याय व्यवस्था राजनीतिक पक्षपातबाट मुक्त हुनुपर्ने बताउनुभएको छ। कलकत्ता हाई कोर्ट बार एसोसिएशनको लाइब्रेरीको २०० वर्ष पुरा भएको अवसरमा कार्यक्रम आयोजित गरिएको थियो। कार्यक्रममा देशका प्रधान न्यायाधीश डी वाई चंद्रचूड़ बाहेक कलकत्ता हाई कोर्टका मुख्य न्यायाधीश टी एस शिवगणनम अनि अन्य कानूनविद उपस्थित थिए। यस अवधि आफ्नो संबोधनमा मुख्यमन्त्रीले भन्नुभयो- मलाई पनि तपाईहरुले आफ्नै परिवारको हिस्सा सम्झिनु होस्। मैले पनि कानून पढेको छु र म पनि बार एसोसिएशनको सदस्य । त्येसपछि उहाले भन्नुभयो- न्यायपालिका व्यवस्था हाम्रो लागि पवित्र मंदिरएृ मस्जिदएृ गिरजा अनि गुरुद्वारा समान हो । न्याय व्यवस्थाको हिस्सा सरकार पनि हो। उहाले न्यायपालिका व्यवस्था कुनै पनि राजनीतिक पक्षपातबाट मुक्त हुनुपर्ने बताउनुभयो। न्यायपालिका व्यवस्थामा गोपनीयता बनाई राख्नु अत्यन्तै आवश्यक छ ।
उल्लेखनीय छ- पश्चिम बंगाल सरकार बिरुद्ध भ्रष्टाचारका बिभिन्न मामलाहरुमा हाई कोर्टले कडा आदेश दिईसकेको भएता पनि त्येसको बिरुद्ध ममता बनर्जीले अप्रसन्नता ब्येक्त गर्दै कोर्टको आदेशलाई चुनौती दिदै आदेशलाई नमान्ने चेतावनी दिनुभएको छ। तरै पनि उहाले मंचबाट न्यायपालिकाको पवित्रताको कुरा गर्नुभएको छ ।

****** ० ******

**पश्चिम बंगाल मानहानि केस**

पश्चिम बंगाल को राज्यपाल डॉक्टर सी.वी. आनंद बोसले राज्यको मुख्यमंत्री ममता बनर्जी विरुद्ध मानहानिको मुद्दा दर्ता गर्ने बारे विचार गरिरहनु भएको छ। यसै सप्ताह मुख्यमंत्रीले राज्य सचिवालय नबन्नामा एउटा संवाददाता सम्मेलनमा, महिलाहरु कोलकाता राजभवनमा जानदेखि डराउँदछन् भनी बताउनुभएको थियो। हाम्रो कोलकाता संवाददाताले बताए अनुसार हाल सम्म मानहानिको कुनै मुद्दा दर्ता गरिएको छैन। राज्यपाल वर्तमानमा नयाँ दिल्लीमा हुनुहुन्छ अनि उहाँ कोलकाता फर्कनु भए पछि यस बारे निर्णय लिनुहुनेछ। उल्लेखनीय छ, मीडियाको एक वर्गद्वारा, पश्चिम बंगालको राज्यपाल सी.वी. आनंद बोसले मुख्यमंत्री ममता बनर्जी

विरुद्ध कलकत्ता उच्च न्यायालयमा मानहानिको मुद्दा दर्ता गरिएको खबर आइरहेको थियो।

****** ० ******

**ईडी- मनी लण्ड्रिङ**

प्रवर्तन निदेशालय (ईडी) ले कोलकातामा आज विभिन्न ठाउँमा बर्ष २०२१ को मनी लण्ड्रिङ मामिलामा छापा मार्‍यो। पहिला यस मामिलाको जॉच सीबीआईले गरिरहेको थियो। सूत्रहरू अनुसारए मनी लण्ड्रिङसित सम्बन्धित मामिलामा जुन छापा मारिएको छए त्यसको तार विदेशसँग पनि जोडिएको छ। शहरमा आठ भिन्न भिन्नै ठाउँमा एकैसाथ छापामारी र खोजी अभियान चलाइएको छए जसमा न्यू अलीपुरए जोधपुर पार्कस्थित साउथ सिटी आवासी परिसरए लेक टाउन र जादवपुर पनि सामेल छन्। सूत्रहरूले बताए अनुसारए मामिलामा मुख्य आरोप विभिन्न मल्टीलेवल मार्केटिङ योजनाहरू अन्तर्गत अवैध रूपले सार्वजनिक जमा राशि एकत्र गरिएको बताईएको छ। सारदा समूह अनि रोज भ्याली समूह जस्तो घोटाला मामिलामा पनि यसरी नै पैसा एकत्र गरेर विदेशहरूमा टॉसफर गरिएको थियो।

सूत्रहरू अनुसारए पश्चिम बंगाल साथै ओडिशाए पंजाबए हरियाणा र दिल्ली जस्ता राज्यहरूमा पनि यसरी नै पैसा उठाइएको छ। यी राज्यका विभिन्न शहरहरूमा अपरेटरको कार्यालय र एजेन्टको नेटवर्क फैलिएका छन्। यस मामिलामा वित्तीय संलिप्तता हजारौं करोड रूपियॉको छ।

****** ० ******

## मौसम

महानगर कोलकाता लगायत राज्यका अन्य भागहरूमा बिगत केही दिनदेखिको लगातार परिरहेको पानीको कारणले आजदेखि तापमान घट्न शुरू भएको छ। अलिपुरस्थित मौसम विभागको क्षेत्रीय मुख्यालयद्वारा आज जारी बयान अनुसार कोलकातामा बिगत २४ घण्टाभित्रमा ६२०६ मिलीलीटर वर्षा रेकर्ट गरिएको छ जसकारण तापमान घट्न शुरू भएको छ।राजधानी कोलकातामा न्यूनतम तापमान २७०२ डिग्री सेल्सियस अनि अधिकतम तापमान ३१०१ डिग्री सेल्सियस रेकर्ड गरिएको छ। कोलकाता बाहेक हावड़ाए हुगलीए उत्तर अनि दक्षिण २४ परगनाए पूर्व अनि पश्चिम मिद्नापुरए पुरूलियाए बाँकुड़ा लगाएत अन्य जिल्लाहरूमा तापमान २६. देखि ३० डिग्री सेल्सियस बीच रहेको छ। यसरी नै उत्तर बंगालका अलिपुरद्वारए कुचबिहारए जलपाईगडीए दार्जीलिङ अनि कालेबुङमा पनि लगातार वर्षा जारी छ र यो आगामी सोमवारसम्म यथावत रहनेछ।

****** ० ******